नौमूले गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नौमूले दैलेख                                        कर्णाली प्रदेश, नेपाल

पत्र संख्या २०७९।०८० आर्थिक प्रशासन शाखा

चलानी नं. ९३८

*मिति २०८०।०२।३०*

## विषय : भुक्तानी सम्बन्धमा ।

श्री सरोकारवाला सवै,

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १ र नियम ३० *( २)* ले बार्थिक बर्षा समाप्त हुनु भन्दा कम्तिमा एक साता अगावै भुक्तानी दिई भुक्तानी निकाशा बन्द गरि हिसाव मिलान गरि प्रतिवेदन तालुक निकायमा पेश गर्नुपर्ने व्यबस्था छ । सो सम्बन्धमा स्थानीय तहमा ***SuTRA*** प्रणालिबाट आर्थिक कारेवार हुने गरेको गत आ.व. मा आसार २५ गते राती १२.०० बजे नै ***SuTRA*** प्रणालीमा खर्च लेखाङ्कन कारोवार रोक्का भइ आर्थिक कारोवार बन्द भएको ब्यहोरा अवगत नै होला, तसर्थ सो सम्बन्धमा महालेखा नियन्त्रक कार्यालयको निर्देशन अनुसार यस आर्थिक बर्ष २०७९।०८० को स्थानिय तहको सम्पूर्ण बजेट कार्यान्वयन तथा कार्यसम्पादन मिति २०८०।३।२४ गते देखि ***SuTRA*** को कारोवार प्रणाली बन्द हुने भएकोले यस गाउँपालिकाका पुँजिगत योजनाहरुसँग सम्बन्धीत भुक्तानी असार १५ गते भित्र कार्यसम्पादन गरी सम्पूर्ण कागजातहरु प्रमाणित गरि अनिवार्य रुपमा कागजात आर्थिक प्रशासन शाखामा पेश गरी भुक्तानी लिनहुन अनुरोध छ । तोकिएको समयमा आवश्यक सम्पूर्ण कागजात आर्थिक प्रशासन शाखामा पेशहुन नसकी भुक्तानी हुन नसकेमा सो को जिम्मेवारी सम्बन्धित शाखा/ विषयगत शाखा/ फर्म/ कम्पनी र कर्मचारी लगायत सम्बन्धित सरोकारवाला सेवाग्राही स्वयम नै जिम्मेवार हुने भएको ब्यहोरा सम्बन्धित सवैको जानकारीको लागी अनुरोध छ ।

रेशम बहादुर बुढा
प्रमुख प्रशासकिय अधिकृत

अवगतार्थ
श्री अध्यक्ष ज्यू ,
श्री उपाध्यक्ष ज्यू,

बोधार्थ
श्री सवै वडाका वडा कार्यालयहरु *( १ देखी ८ सबै )*
श्री विषयगत शाखाहरु सम्पूर्ण

प्रमुख प्रशासकीय अधिकृत